नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# तराई-मधेश समृद्धि कार्यक्रम

केन्द्रीय समन्वय इकाई, सिंहदरबार, काठमाडौं

पत्र संख्याः ०७७/७८
चलानी नं. ४५

मितिः२०७८/०९/३०

**आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

(तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को अनुसूची-१ बमोजिम *तराई/मधेश समृद्धि कार्यक्रम लागू भएका तराई/मधेशका २२ जिल्लाका २७८ स्थानीय तहहरुको लागि)*

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ अनुसार आगामी आ.व. २०७९/०८० को लागि तोकिएको शर्त र मापदण्ड भित्र रही *(निर्देशिका तपसिलमा उल्लेखित वेबसाइटमा हेर्न सकिने छ।)* आयोजना/कार्यक्रम सञ्चालन गर्न इच्छुक तराई/मधेश क्षेत्रका स्थानीय तह (महानगरपालिका, उप/महानगरपालिका, नगरपालिका तथा गाउँपालिका) हरूबाट निर्देशिकामा निर्दिष्ट गरिएको लागत सहभागिता व्यहोर्ने गरी दफा ७(२) मा तोकिए बमोजिमका क्षेत्रमा अनुसूची-४ अनुरूपको आयोजना/कार्यक्रम माग फारम सहितको प्रस्ताव २०७८ माघ ०१ गतेदेखि २०७८ माघ ३० गतेसम्म तराई/मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईको वेभसाइटमा रहेको रिपोर्टिङ सफ्टवेयरमा प्रविष्टि गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशिकाको दफा-९ बमोजिम यो सूचना प्रकाशित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७८/०९/३०
(पोषन राज भण्डारी)
शाखा अधिकृत

*द्रष्टव्यः*

१. चालु आ.व. २०७८/०७९ मा कार्यक्रम स्वीकृत भई कार्यान्वयनमा रहेका स्थानीय तहहरूले माग/प्रस्ताव पेश गर्दा कार्यान्वयनको प्रगति अनिवार्य रुपमा संलग्न राखी पठाउनुपर्नेछ।
२. आगामी आ.व. २०७८/०७९ को लागि कार्यक्रम तथा आयोजना माग गर्दा निर्देशिकाको दफा ८ (२) र (३) बमोजिमको विवरण समेत खुलाई पेश गर्नुपर्नेछ।
३. आयोजना माग एवम् सिफारिससहितको प्रस्ताव रिपोर्टिङ सफ्टवेयरः**wppms.tmpp.mofaga.gov.np** प्रविष्टि गर्नुपर्नेछ।
४. निर्देशिकाको दफा ७(२) मा उल्लिखित क्षेत्रहरू (क) सामुहिक आवास भवन (ख) साना सडक स्तरोन्नत्ति (ग) सामुदायिक पुर्वाधार (घ) कृषि विकास (ङ) खानेपानी तथा सररफाई (च) सिंचाइ तथा नदी नियन्त्रण (छ) उर्जा (ज) विपद् न्यूनीकरण पूर्वाधारको क्षेत्रमा स्थानीय तहले दफा ५ बमोजिम न्यूनतम तीस प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी कार्यक्रम/आयोजना माग गर्नुपर्नेछ।
५. निर्देशिकाको दफा ७ को (२)(झ) बमोजिमको पारम्परिक पेशा प्रवर्धनात्मक एवम् आय आर्जन तथा जीवनस्तर सुधारका क्षेत्रमा कार्यक्रम/आयोजना माग गर्दा न्यूनतम दश प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी माग गर्नुपर्नेछ।
६. पारम्परिक पेशा प्रवर्धनात्मक एवम् आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम/आयोजना माग गर्दा निर्देशिकाको अनुसूची २ मा उल्लेख भएका वर्ग र समुदायसँग प्रत्यक्ष सरोकार राख्ने तथा तत् तत् समुदाय लाभान्वित हुने प्रकृतिका अनुसूची -३ बमोजिमका आयोजना/कार्यक्रम मात्र माग गर्नुपर्नेछ।

***थप जानकारीका लागि सम्पर्क*** :

कार्यक्रम निर्देशकः बिकाउ कुमार यादव (९८५४०३६५६०)
शाखा अधिकृतः टेक प्रसाद भट्टराई (९८४५५१६८५२); पोषन राज भण्डारी (९८४७१५२३४७)
कम्प्युटर अपरेटरः ईश्वर घिमिरे (९८४९३३८४९९); विवेक पण्डित (९८६५७२७०००)

***वेभसाइट : tmpp.mofaga.gov.np / mofaga.gov.np***

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा Upload गरी दिनुहुन ।

---

*फोन नं.: ०१- ४२०००३८, ४२०००००८, ४२००११४*
**E-mail:** *mofaga.tmpp@gmail.com.* **Website:** *www.tmpp.mofaga.gov.np*